नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१ चलानी नं.:- ३८८

मितिः २०८०/११/०२

श्री स्थानीय तहहरु (सवै)

विषय :- समन्वय/सहजिकरण सम्बन्धमा।

गृह मन्त्रालयको च.नं. १७ मिति २०८०/११/०१ को पत्रानुसार महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषाद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/०८०-२०८१/०८२ कार्यान्वयन सन्दर्भमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीको संयोजकत्वमा मिति २०८०/१०/२२ गते बसेको बैठकको निर्णय नं. ५ को कार्यान्वयनको व्यवस्था तथा स्थानीय तहको मुख्य जिम्मेवारी तोकिएको कृयाकलापहरुको हालसम्मको प्रगति विवरण उपलव्ध गराउन आवश्यक समन्वय / सहजीकरणको लागि लेखिआएको हुँदा सक्कल कागजात पाना १३ (तेह्र) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आयुषी भट्टराई)
शाखा अधिकृत

वोधार्थ :

श्री गृहमन्त्रालय मन्त्रालय, सिंहदरवार काठमाडौ ।

श्री सूचना प्रविधि शाखाः मन्त्रालयको वेब साईटमा बपलोड गरिदिनु हुन तथा सबै स्थानीय तहमा ईमेल गरी दिनुहुन ।

संदीप मा.न.

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३९३२
दर्ता मिति:- ११/२
२०८०।११।१२

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति प्रवर्द्धन शाखा)

पत्र संख्याः- ०८०।८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 96

सिंहदरबार,
काठमाडौं, नेपाल।

मितिः २०८०।११।०१
ने.सं:११४४ सिल्लाथ्व,४ मंगलवार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषयः समन्वय/सहजीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा महिला, शान्ति र सुरक्षा सम्वन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्वन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व.२०७९/८०-२०८१/८२) कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ। उक्त दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि गठित राष्ट्रिय निर्देशक समितिको माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीको संयोजकत्वमा मिति २०८०।१०।२२ गते बसेको बैठकको निर्णय नं ५ को कार्यान्वयनको व्यवस्था तथा स्थानीय तहको मुख्य जिम्मेवारी तोकिएका क्रियाकलापहरुको हालसम्मको प्रगति विवरण उपलब्ध गराउन आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन तपसिल बमोजिमको विवरण संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । साथै दोस्रो राष्ट्रिय कार्ययोजनाको स्क्यान कपी यस मन्त्रालयको वेभसाईट https://www.moha. gov.np/page/national action plan मा रहेको व्यहोरा समेत अनुरोध छ।

तपसिल
३. बैठकको निर्णयको छायाँप्रति पाना एक
४. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको चौमासिक प्रगति विवरणको ढाँचा

सादर अवगतार्थ
१. माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यू, गृह मन्त्रालय, सिंहदरबार।
२. श्रीमान् सचिवज्यू, गृह मन्त्रालय सिंहदरबार।

(स्किम श्रेष्ठ)
सहसचिव

स्थानीय तह समन्वय शाखा

स.न. स्थानीय तह समन्वय मु.
११/२

नेपाल सरकार
गृह मन्त्रालय

> **बैठकको एजेन्डा**

१. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

२. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी स्थानीय तहको लागि नमुना कार्यविधि सम्बन्धमा

३. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा

४. विविध

**<u>निर्णयहरु</u>**

१. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सन्दर्भमा सरोकारवाला निकायहरुले चालु आर्थिक वर्षमा कार्यान्वयन हुन सक्ने कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गर्ने र यस आर्थिक वर्षमा समावेश हुन नसकेका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा वजेटमा समावेश गर्नका लागि सम्बन्धित निकायमा पत्रचार गर्ने।

२. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्बन्धी **<u>स्थानीय तहका लागि नमुना कार्यविधि</u>** राष्ट्रिय समन्वय सचिवालयले तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने।

३. दोस्रो राष्ट्रिय कार्ययोजनामा मुख्य जिम्मेवारी तोकिएका सबै निकायरुलाई चौमासिक प्रगति विवरण राष्ट्रिय समन्वय सचिवालयलाई नियमित रुपमा पठाउन अनुरोध गर्ने।

४. दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयनको लागि **<u>प्रदेश निर्देशक समिति</u>** गठन गरी दोस्रो राष्ट्रिय कार्ययोजनामा जिम्मेवारी तोकिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न एवम् आगामी आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउन सबै प्रदेश सरकारको गृह प्रशासन/शान्ति सुरक्षा हेर्ने मन्त्रालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मार्फत अनुरोध गर्ने।

५. दोस्रो राष्ट्रिय कार्ययोजना **<u>कार्यान्वयन स्थानीय समिति गठन</u>** हुन बाँकी स्थानीय तहहरुलाई सो समिति गठन गरी दोस्रो राष्ट्रिय कार्ययोजनामा जिम्मेवारी तोकिएका क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गर्न एवम् आगामी आर्थिक वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयनको व्यवस्था मिलाउन सबै स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका सघं, गाउँपालिका राष्ट्रिय महासंघ मार्फत अनुरोध गर्ने।